## परीक्षालाई व्यवस्थित र मर्यादित बनाउने सन्दर्भमा भएका व्यवस्थाहरू

शिक्षा ऐन तथा नियममा भएको व्यवस्था

- शिक्षा ऐन २०२८ को दफा १७ मा प्रश्नपत्रको गोपनीयता भङ्ग गरेमा, परीक्षा केन्द्रमा सम्बन्धित पदाधिकारीको स्विकृतिविना प्रवेश गरेमा, प्रयत्न गरेमा वा परीक्षा केन्द्र नियन्त्रणमा लिई अमर्यादित कार्य गरेमा, अरूको तर्फबाट परीक्षा दिएमा र परीक्षाको मर्यादा भङ्ग हुने कुनै कार्य गरेमा त्यस्ता व्यक्तिलाई कसुरको मात्रा हेरी १ लाखसम्म जरिवाना वा ६ महिना कैद वा दुवै सजाय हुने व्यवस्था भएको ।
- शिक्षा नियमावली २०५९ को नियम ४३ मा परीक्षासम्बन्धी नियम उल्लङ्घन गर्ने शिक्षक तथा कर्मचारीहरूलाई आवश्यक कारबाही गर्ने । कुनै परीक्षा केन्द्रमा अनियमित कार्य भएमा परीक्षा बदर गर्ने वा पुनः परीक्षा गराउने ।
- नियम ४६ अनुसार आफ्नो जिल्लाभित्र परीक्षालाई निष्पक्ष र मर्यादित रूपमा सञ्चालन गर्ने दायित्व जिल्ला परीक्षा समन्वय समितिको हुने ।

माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा सञ्चालन तथा व्यवस्थापन निर्देशिका २०६८ मा भएको व्यवस्था

- माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा समन्वय समिति (जिल्ला स्तर) को थप काम कर्तव्य र अधिकारः-
  - परीक्षाको गरिमा र शुद्धता कायम राख्न आफ्नै विद्यालयका परीक्षार्थी रहेका केन्द्रमा सम्बन्धित शिक्षकलाई केन्द्राध्यक्ष, सहायक केन्द्राध्यक्ष वा निरीक्षक नराख्ने व्यवस्था मिलाउने ।
  - परीक्षामा कुनै परीक्षार्थीले कुनै किसिमको अनियमित वा अनुशासनहीन कार्य गरेमा कुनै विषयको मात्र वा पूरै परीक्षा रद्द गरी बढीमा अर्को १ वर्षसम्म आगामी परीक्षामा सम्मिलित हुन नपाउने गरी कारवाहीका लागि परीक्षा समितिमा सिफारिस गर्ने ।
  - परीक्षामा अनियमित वा अनुशासनहीन कार्य गर्ने केन्द्राध्यक्ष वा सहायक केन्द्राध्यक्ष वा निरीक्षक वा अन्य कुनै कर्मचारीलाई तत्कालै हटाई विभागीय कारवाहीका लागि कार्यालयमा सिफारिस गर्ने ।
- केन्द्राध्यक्षको काम, कर्तव्य र अधिकार :–
  - निर्धारित परीक्षा केन्द्रमा शान्तिपूर्ण वातावरणमा मर्यादित ढङ्गबाट परीक्षा कार्यक्रमअनुसार परीक्षा सञ्चालन गर्ने ।
  - परीक्षा केन्द्रमा खटिने केन्द्राध्यक्ष, सहायक केन्द्राध्यक्ष, निरीक्षक र परिचरका लागि परिचयपत्र बनाई प्रमाणित गरी सबैले देख्ने गरी परीक्षा सञ्चालन अवधिभर अनिवार्य रूपमा लगाउने व्यवस्था मिलाउने ।
  - परीक्षा केन्द्रको हाताभित्र परीक्षार्थी, परीक्षा सञ्चालनसम्बन्धी अधिकृत तथा कर्मचारीबाहेक अरूलाई प्रवेश गर्न नदिने व्यवस्था गर्ने ।
  - परीक्षा भवनमा प्रवेश गर्नुअगाडि परीक्षार्थीको खानतलासी गर्ने व्यवस्था गर्ने ।
  - परीक्षा दिने परीक्षार्थीहरूले साथमा ल्याएका पुस्तक, नोट, गाइड आदि सामग्री परीक्षा हलभित्र लैजान नपाउने व्यवस्था गर्ने ।
  - परीक्षा हलमा होहल्ला गर्ने, नक्कल गर्ने-गराउने जस्ता अमर्यादित काम गर्ने परीक्षार्थीलाई निष्कासन गर्ने ।
  - परीक्षाको समयमा यदि कसैले अनियमित कार्य गरेबापत निष्कासन गर्नुपर्ने स्थिति हुँदाहुँदै पनि यदि कसैलाई कारबाही गर्दा परीक्षा केन्द्रमा नै असर पर्न गई अरू परीक्षार्थीको परीक्षामा समेत बाधा व्यवधान खडा हुने सम्भावना देखिएमा परीक्षा सकिएपछि गोप्य

रूपले केन्द्राध्यक्षले त्यस्तो अनियमित कार्य गर्ने परीक्षार्थीको परीक्षा रद्द गर्न सिफारिस गरी उत्तरपुस्तिकासमेत प.नि.का.मा पठाउने ।

- कुनै केन्द्रमा एउटा परीक्षार्थीको सट्टा अर्को व्यक्तिले परीक्षा दिएकोमा त्यस्ता व्यक्तिलाई परीक्षाबाट निष्कासन गरी प्रचलित कानुनबमोजिम कारबाही गर्न स्थानीय जिल्ला प्रशासन कार्यालयमा र वास्तविक परीक्षार्थीको त्यस वर्षका सबै विषयको परीक्षा रद्द गरी बढीमा अर्को एक वर्षसम्म परीक्षा दिन नपाउने गरी कारवाही गर्न परीक्षा नियन्त्रण कार्यालयमा सिफारिस गर्ने ।
- परीक्षा हलमा एकले अर्को परीक्षार्थीको उत्तरपुस्तिकाबाट सार्न लागेको वा आफ्नो उत्तरपुस्तिका अरूलाई सार्न लगाउने प्रयास गरेमा त्यस्ता परीक्षार्थीको सो एक दिनको परीक्षा रद्द गर्ने र चेतावनी दिँदादिँदै पनि अटेर गरी पुनः त्यस्तो कार्य गरेकोमा त्यस्ता परीक्षार्थीको पूरै विषयको परीक्षा रद्द गर्न परीक्षा नियन्त्रण कार्यालयमा सिफारिस गर्ने ।
- परीक्षा केन्द्रको वातावरणलाई खलल पार्ने गरी अवाञ्छनीय एवं उच्छृङ्खल कार्य गरेमा त्यस्ता परीक्षार्थीको त्यस वर्षका सबै विषयको परीक्षा रद्द गरी बढीमा अर्को एक वर्षसम्म परीक्षा दिन नपाउने गरी कारवाही गर्न परीक्षा नियन्त्रण कार्यालयमा सिफारिस गर्ने ।
- परीक्षा भवनभित्र अरू परीक्षार्थीलाई बाधा पर्ने गरी अवाञ्छित व्यवहार गर्ने, दिइएको निर्देशन बेवास्ता गर्ने परीक्षार्थीको पूरै परीक्षा रद्द गर्न सिफारिस गर्ने ।
- जोखिमपूर्ण हातहतियार साथमा लिई परीक्षा केन्द्रमा प्रवेश गर्ने, मादक पदार्थ सेवन गरी अनावश्यक होहल्ला गर्ने, हातपात गर्ने, परीक्षाको कारण परीक्षा चलेको अवधिभर वा त्यसपछि पनि रिसइबी साध्ने जस्ता कार्य गर्ने परीक्षार्थीहरूलाई परीक्षाबाट निष्कासन गरी प्रचलित कानुनबमोजिम कारबाही गर्न स्थानीय जिल्ला प्रशासन कार्यालयमा र त्यस्ता परीक्षार्थीको त्यस वर्षका सबै विषयको परीक्षा रद्द गरी बढीमा अर्को एक वर्षसम्म परीक्षा दिन नपाउने गरी कारवाही गर्न परीक्षा नियन्त्रण कार्यालयमा सिफारिस गर्ने ।
- परीक्षा भवनभित्र नक्कल गराउन सहयोग गर्ने निरीक्षक र कर्मचारीहरूको हकमा विभागीय कारवाहीका लागि सिफारिस गर्ने तथा बाहिरबाट आई उक्त कार्य गर्ने-गराउने व्यक्तिहरूलाई स्थानीय जिल्ला प्रशासन कार्यालयमार्फत् प्रचलित कानुनबमोजिम कारबाही चलाउन सिफारिस गर्ने ।

**माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा समिति (परीक्षा बोर्ड) मा गरिएका नीतिगत निर्णय**

- एउटा परीक्षार्थीको सट्टा अर्को व्यक्तिले परीक्षा दिएमा त्यस्तो नक्कली परीक्षार्थीको रूपमा परीक्षा दिने व्यक्तिले प्राप्त गरेका सम्पूर्ण शैक्षिक योग्यताको प्रमाणपत्र रद्द गर्नेतर्फ कानुनी व्यवस्थाका लागि प्रक्रिया अगाडि बढाउने ।

## जिल्ला शिक्षा कार्यालयहरूले समन्वय तथा कार्यान्वयन गर्नुपर्ने विषयहरू

- परीक्षा सञ्चालनमा शिक्षा ऐनको दफा १७, शिक्षा नियमावलीको नियम ४३ तथा माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा सञ्चालन तथा व्यवस्थापन निर्देशिका, २०६८ मा भएको व्यवस्थालाई कार्यान्वयन गराउने ।
- शिक्षक, पत्रकार, विद्यार्थी राजनीतिक दल, अभिभावक र बुद्धिजीवि लगायतका पेशागत संघ /संगठनको सर्व पक्षीय भेला गराई परीक्षालाई मर्यादित बनाउन प्रतिवद्धता जाहेर गर्न लगाउने । केन्द्राध्यक्ष निर्देशन पुस्तिकाको पूर्ण रुपमा पालना गर्ने व्यवस्था गर्ने ।
- परीक्षालाई मर्यादित र व्यवस्थित बनाउनका लागि विद्यमान नीति नियमसँग नबाझिने गरी जिल्लाको आवश्यकताका आधारमा स्थानीय स्तरमा नीति निर्माण गर्ने ।
- परीक्षालाई शान्तिपूर्ण र मर्यादित बनाउन प्रत्येक परीक्षा केन्द्रमा सबै वर्ग, क्षेत्र र पक्षको संलग्नता हुने गरी परीक्षा केन्द्र सहयोग (व्यवस्थापन) समिति गठन गर्ने ।
- परीक्षालाई अनुशासित, मर्यादित र व्यवस्थित रुपमा सञ्चालन गर्न प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा जिल्लास्तरमा र परीक्षा केन्द्र विद्यालय व्यवस्थापन समितिका अध्यक्षको संयोजकत्वमा परीक्षाकेन्द्र स्तरमा बैठक बसी आचार-संहिता निर्माण गरी कार्यान्वयन गराउन निर्देशन दिने ।
- परीक्षाको गरिमा र शुद्धता कायम राख्न आफ्नै विद्यालयका परीक्षार्थी रहेका केन्द्रमा सम्बन्धित शिक्षकलाई केन्द्राध्यक्ष, सहायक केन्द्राध्यक्ष र निरीक्षक नराख्ने ।
- केन्द्राध्यक्षहरूको एकदिने अभिमुखीकरण (Orientation) सञ्चालन गरी आवश्यक निर्देशन दिने ।
- परीक्षा सञ्चालन कार्यमा संलग्न व्यक्तिहरूलाई उनीहरूको कार्यरत विद्यालय, तह, स्थायी/अस्थायी विवरण खुल्ने गरी फोटोसहितको परिचय पत्रको व्यवस्था गर्ने र त्यसको विवरण परीक्षा सुरु हुनुभन्दा १ दिनअगावै जिल्ला शिक्षा कार्यालयमा अनिवार्य रूपमा केन्द्राध्यक्षले बुझाउनुपर्ने ।
- जिल्लामा परीक्षाको मर्यादा कायम गर्न नसकेका केन्द्र र केन्द्राध्यक्षको विवरण अद्यावधिक गरी राख्ने । त्यस्ता केन्द्र र केन्द्राध्यक्षको हकमा अर्को वर्ष परीक्षा केन्द्रको जिम्मेवारीसमेत नदिने । अनियमित परीक्षा सञ्चालन भएका केन्द्रको परीक्षा रद्द गर्नेतर्फ आवश्यक कारवाही अघि बढाउने ।
- प्रत्येक केन्द्रमा खटिने सहायक केन्द्राध्यक्ष र निरीक्षकहरूको नाम, कार्यरत विद्यालय र तह खुल्ने गरी सूची जिल्ला शिक्षा कार्यालयमा राख्ने व्यवस्था गर्ने । परीक्षाबाट निष्कासन भएको अवस्थामा बाहेक पहिलो दिन निरीक्षकका रूपमा नियुक्ति पाई खटिइएका शिक्षकहरूलाई परीक्षा अवधिभर रहने व्यवस्था गर्ने । माथि उल्लिखित प्रकृतिका बाहेक अन्य कसैलाई कुनै पनि बहानमा निरीक्षकका रूपमा राख्न सख्त मनाही गर्ने । निरीक्षक तथा सहायक केन्द्राध्यक्ष फेर्ने र मर्यादित परीक्षा सञ्चालन गर्न नसक्ने केन्द्राध्यक्षलाई तत्काले केन्द्राध्यक्षबाट निष्कासन गरी विभागीय कारवाहीको थालनी गर्ने ।
- परीक्षालाई अनुशासित, व्यवस्थित एवं मर्यादित ढंगबाट सञ्चालन गर्ने विद्यालय/केन्द्राध्यक्ष मध्येबाट जिल्लाबाट एक वटालाई पुरस्कारका लागि प.नि.का.मा सिफारिस पठाउने ।

- प्रत्येक दिन परीक्षा कोठामा परीक्षार्थीले प्रवेश गर्नुपूर्व नै सुरक्षाकर्मीहरूको सहयोगमा परीक्षा हल, कोठा, शौचालयका सबै स्थानको कुनाकानी, तलमाथितिर परीक्षालाई प्रतिकूल प्रभाव पार्ने चिट, गाइड, किताब, कापी आदि भए-नभएको राम्ररी चेकजाँच गर्ने/गराउने व्यवस्था गर्ने ।
- परीक्षार्थीहरू परीक्षा केन्द्रको हाताभित्र प्रवेश गर्नुभन्दा आधा घण्टाअगावै परीक्षा केन्द्रको मूल गेटमा नै सुरक्षामा खटिएका सुरक्षाकर्मीहरुको सहयोगमा कुट चिट, गाइड, गेस पेपर, म्यागिजन, कापी, किताब साथमा राख्न नपाउने गरी खानतलासीको व्यवस्था मिलाउने ।
- प्रत्येक कोठाको एउटा बेञ्चमा २ जनाभन्दा बढी विद्यार्थी राख्न नहुने । एउटा कक्षामा बसाइँ व्यवस्था गर्दा एउटै विद्यालयका विद्यार्थीमात्र नराखी विभिन्न विद्यालयका विद्यार्थी मिलाई राख्ने व्यवस्था गर्ने ।
- परीक्षा हलमा केन्दाध्यक्ष, सहायक केन्द्राध्यक्ष, निरीक्षक, परीक्षार्थी कसैलाई पनि मोबाइल प्रयोग गर्न नदिने व्यवस्थाका लागि पहिले नै सुसूचित गराउने ।
- शिक्षकहरूका सबै पेसागत संस्थाहरूले आ-आफ्ना सदस्य शिक्षहरूलाई परीक्षा केन्द्र वरपर नजान कडाइका साथ निर्देशन दिने ।
- परीक्षार्थी र परीक्षा अनुगमनमा खटिएका अनुगमनकर्ता बाहेक अन्यलाई प्रवेश गर्न नदिने ।
- परीक्षा केन्द्र कम्पाउण्ड बाहिरको आसपासको क्षेत्रलाई परीक्षा निषेधित क्षेत्र कायम गर्ने गरी व्यवस्था मिलाउने ।
- परीक्षा केन्द्रमा खटिने कार्यालय सहयोगीलाई विद्यालय हाताबाहिर जान रोक लगाउने । यदि जाने-आउने गरेमा निजका हरेक क्रियाकलापमा विशेष निगरानी राख्ने ।
- परीक्षाको मूल्य र मान्यता विपरीत काम गर्ने केन्द्राध्यक्षलाई चेतावनी दिने । चेतावनी दिंदादिंदै पनि बारम्बार त्यसको अपहेलना गरेमा केन्द्राध्यक्षबाटै निष्कासन गरी अभिलेख राख्ने र विभागीय कारबाहीका लागि आवश्यक प्रक्रिया अघि बढाउने ।
- कुनै निरीक्षकबाट परीक्षार्थीलाई चोरी गराएको पाइएमा वा नक्कली परीक्षार्थी फेला परेमा सुरक्षामा खटिएका सुरक्षाकर्मीको सहयोग लिई गिरफ्तार गर्ने र सार्वजनिक अपराध ऐन र प्रचलित कानुनअन्तर्गत मुद्दा चलाउने र सो सार्वजनिकीकरण गर्न तत्काल सञ्चार माध्यमबाट प्रसारण गर्ने ।
- प्रश्नपत्र खोल्दा विषय, परीक्षा मितिको यकिन गरी सुरक्षामा खटिएका सुरक्षाकर्मी र सम्भव भएसम्म जिशिकाका प्रतिनिधिको रोहवरमा खोल्ने । प्रश्नपत्र खोल्नुअघि परीक्षा केन्द्र हाताभित्र परीक्षामा खटिएका बाहेक अरू कोही भए परीक्षा केन्द्रबाहिर पठाउने व्यवस्था मिलाउने ।
- एसएलसी उत्तरपुस्तिका परीक्षण कार्यलाई मर्यादित र व्यवस्थित गर्ने । परीक्षामा अनियमितता गरी कारवाही सूचीमा परेका शिक्षकहरूबाट एसएलसी उत्तरपुस्तिका परीक्षण नगराउने । माध्यमिक तहका विषयहरू पठनपाठन गरिरहेका शिक्षकहरूबाट मात्र उत्तरपुस्तिका परीक्षण गर्ने व्यवस्था मिलाउने ।